नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट

यस विभागबाट मिति २०८१/०६/०६ गते काठमाडौं उपत्यका भित्र चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित निरीक्षण तथा अनुगमनका लागि दुई वटा अनुगमन टोली खटाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ ।

| क्र. स. | मिति | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारवाही/कैफियत |
|---|---|---|---|---|
| १ | २०८१/०६/०६ | जय अम्बे स्विट्स एण्ड फास्ट फुड, टोखा -९, काठमाडौं | सरसफाई सन्तोषजनक नरहेको, फ्रिजमा अव्यवस्थित रुपमा खाद्य पदार्थ भण्डारण गरेको, खाद्य रङ्गको जथाभावी प्रयोग गरेको र झिंगा तथा अन्य किराको उचित व्यवस्थापन नगरेको पाइएको । | निरिक्षणमा देखिएका कमीकमजोरी सुधार गरी ५ दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दिएको । |
| २ | २०८१/०६/०६ | सूर्यदिव मिठाई प्रडक्ट्स प्रा.लि., का.म.न.पा-१६, सोह्रखुट्टे | लेबल विवरण उल्लेख नगरेका आलु चिप्स, निम्की लगायतका खाद्य पदार्थ भेटिएको, अखाद्य रङ्ग प्रयोग गरी पूजाको लागि बनाइएको २ के जी पुरी पाइएको । | निरिक्षणमा देखिएका कमीकम्जोरी सुधार गर्न निर्देशन दिइएको र अखाद्य रङ्ग प्रयोग गरि बनाइएको २ के जी पुरी नष्ट गरिएको । |
| ३ | २०८१/०६/०६ | लाखा छें, का.म.न.पा-१६, सोह्रखुट्टे | भण्डारण कक्ष तथा प्रशोधन कक्ष फोहोर रहेको, कामदारको सरसफाई सन्तोषजनक नरहेको, मापन नगरी कृतिम | निरिक्षणमा देखिएका कमीकम्जोरी सुधार गरि संचालन गर्न र सोको प्रमाण सहित लिखित |

| | | | | |
|---|---|---|---|---|
| | | | रङ्गको प्रयोग गर्ने गरेको र शौचालय फोहोर तथा दुर्गन्धित रहेको। | जानकारी विभागमा गराउन निर्देशन दिएको । |
| ४ | २०८१/०६/०६ | रोजबेरी मसला उद्योग प्रा.लि., महालक्ष्मी-४, ललितपुर | भण्डारण कक्ष तथा प्रशोधन कक्ष फोहोर रहेको, भण्डारण गर्दा प्यालेटको प्रयोग नगरेको, खाद्य अनुमतिपत्र नलिई उत्पादन तथा विक्री वितरण गरेको, प्याकिङ्ग तथा सिलिङ्ग कक्ष व्यवस्थित नरहेको। | भण्डारणमा प्यालेटको प्रयोग गर्न, सरसफाई नियमित गरि अभिलेख राख्न, मसिजन्य पदार्थको भण्डारण खाद्य पदार्थको सम्पर्कमा नआउने गरि गर्न र प्याकिङ्ग र सिलिङ्ग कक्ष व्यवस्थित गर्ने निर्देशन सहित खाद्य अनुमतिपत्र नलिई उत्पादन तथा विक्री वितरण नगर्न निर्देशन दिएको। |
| ५ | २०८१/०६/०६ | कंकाली मार्ट, महालक्ष्मी-४, ललितपुर | खाद्य अनुमतिपत्र लिएका खाद्य उद्योगबाट उत्पादित खाद्य पदार्थ खरिद विक्री गर्ने गरेको, Date Expire सामान अलग्गै राखेको भएपनि केहि Date Expire सामान विक्री कक्षमा रहेको पाईएको। | Date Expire खाद्य पदार्थको छुट्टै स्थानको व्यवस्था गर्न, शाकाहारी र मांसाहारी खाद्य पदार्थ एकै ठाउँमा भण्डारण नगर्न, खाद्य अनुमतिपत्र प्राप्त खाद्य उद्योगबाट मात्र खाद्य पदार्थ खरिद विक्री गर्न निर्देशन दिएको र उपभोग्य मिति समाप्त भएको २ प्याकेट बटर बिस्कुट नष्ट गरेको । साथै मकैको पिठोको नमुना संकलन गरिएको । |
| ६ | २०८१/०६/०६ | नितिस स्विट्स, काठमाडौं-२६ | किचेनको सरसफाई सन्तोषजनक रहेको। तर | तयार गरेको खाद्य पदार्थ भण्डारण गर्दा लेबल |

| | | | | |
|---|---|---|---|---|
| | | | तयार गरेको खाद्य पदार्थमा लेबल नरहेको पाइएको। | स्टिकर राख्न, कच्चा पदार्थको रुपमा प्रयोग गरिने खाद्य पदार्थको गुणस्तर र कृतिम खाद्य रङ्गको प्रयोग गर्दा तोकिएको मात्रा र विधि अनुसार गर्न विशेष ध्यान दिन निर्देशन दिएको। |

मोहन कृष्ण महर्जन
प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
२०८१/०६/०६